३. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :–

"(४) कबूलियतनामाको शर्त अनुसार दिइने पेस्की र भ्रमणको निमित्त दिइने पेस्की बाहेक चालू आर्थिक वर्षको अन्तसम्ममा नफर्छिने गरी कुनै पेस्की दिनु परेमा मातहतको कार्यालयले आफ्नो तालुक कार्यालयको स्वीकृति लिएर मात्र दिनु पर्नेछ।"

४. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को अन्तमा देहायको वाक्य थपिएको छ :–

"यस्तो फाँटवारी प्राप्त भएपछि सम्बन्धित विभाग वा मन्त्रालयले म्याद नाघेको पेस्कीको लगत राखी म्यादभित्र पेस्की फछर्यौट नगर्ने कर्मचारी-लाई नियम ११ बमोजिम विभागीय कारवाई गर्नु पर्नेछ।"

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०३८ को दफा १४ को अनुसूची ९ को द्रष्टव्य (घ) (२) ले दिएको अधिकार प्रयोग गरी नगर पञ्चायत क्षेत्रभित्रका शहरी क्षेत्रको वर्गीकरण अनुसार वर्गीकरण गरी नसकिएका देहायका चौहद्दीभित्रका जग्गाहरूमा मिति ०३९।४।१ देखि लागू हुने गरी (च) वर्गको भूमिकरको दर तोकेकोले यो सूचना प्रकाशित गरिएको छ।

(१) कपिलवस्तु जिल्ला तौलिहवा नगर पञ्चायतभित्रको (साबिक कपिलवस्तु आदर्श गा. पं. को क्षेत्र) निम्न चौहद्दीभित्रको क्षेत्रः–

पूर्व :– साबिक वरगदावा गा. पं. को सिमाना।

पश्चिम :– साबिक मालापारा र पिपरी गा. पं. को सिमाना।

उत्तर :– मालापारा गोवरी र वरगदावा गा. पं. साबिकको सिमाना र साबिक तिलौराकोट जाने बाटो।

दक्षिण :– वरगदावा गा. पं. पिपरी गा पं. एवं राजपुर जाने बाटो।

६८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बारा जिल्ला कलैया नगर पन्चायत क्षेत्रको निम्न चौहद्दीभित्रको क्षेत्र :–

पूर्व :– अस्पतालको पूर्व पर्खाल हुँदै बेलपाती माई नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयको पूर्वपट्टिको सडक पदम रोडसम्म । पन्ना बागको पूर्वपट्टिको सडक हुँदै सिनेमा हलको पूर्वपट्टिको सडक हुँदै दोहरी जाने सडकको कलैया गाउँको पोखरीसम्म ।

पश्चिम :– अधिकारी टोलको पश्चिम, सिद्धेश्वर विद्यालय जाने गल्ली हुँदै सिद्धेश्वर विद्यालयको ढोकादेखि पदम रोड सडकसम्म बालमन्दिरदेखि धुसुकपुर (सीतापुर) पर्ने जिल्ला कार्यालयको पश्चिमपट्टिको सडक कन्या विद्यालयसम्म ।

दक्षिण :– कन्या विद्यालयको उत्तर सडक हुँदै अस्पताल रोडसम्म, पशुचिकित्सालय र कलैया अस्पताल दक्षिण पर्खाल पदम रोडको उत्तर कलैया बागको पूर्वपट्टि ।

उत्तर :– कलैया गाउँको पोखरीदेखि पश्चिमको कलैया गाउँ ब्लक हुँदै विक्रम बगैंचाको दक्षिण सडक र दक्षिणी सिमाना अवधापुर जाने बाटोदेखि पश्चिम जाने सडक हुँदै सिद्धेश्वर जाने गल्लीसम्म ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

४८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।